PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

Bira Complex
Post Box No 1520 2
New Road,Kathmandu, Nepal
Phone No. 4233388 Fax No.4233390
SWIFT: PCBLNPKA e-mail: info@pcbl.com.np
URL www.eprimebank.com

# प्रेश विज्ञप्ती

## प्राइम कमर्सियल बैंकका थप शाखाको शुभारम्भ कम – दोलखाको जिरीमा

विभिन्न बैंकर्स, उद्योगी, व्यवसायी,शिक्षाविद एवं व्यवसायिक व्यक्तित्वहरुद्वारा प्रवर्द्धित तथा विभिन्न नविनतम बैङ्गिग सेवाहरु प्रदान गर्दै संचालनको पहिलो वर्षमा नै खूद मुनाफा आर्जन गर्न सफल भएको प्राइम कमर्सियल बैंकले आजदेखि दोलखाको जिरीमा पनि नयां शाखाको शुभारम्भ गरेको छ ।

स्थानीय उद्योगी, व्यवशायी, शिक्षक, समाजसेवी तथा विभिन्न पेशाकर्मीहरुको उपस्थितिमा आज एक समारोहका विच यस बैंकका अध्यक्ष श्री नरेन्द्र बज्राचार्यले दोलखाको जिरीमा **जिरी शाखा**को समुदघाटन गर्नु भयो ।

बैकले शाखा बिस्तारको कममा यस अधि यसै आर्थिक वर्षमा उपत्यका बाहिर धरान, भरतपुर तथा पोखरामा तीन नयां शाखाहरु र उपत्यका भित्र काठमाडौको नयां बानेश्वर र बालाजु र ललितपुरको लगनखेलमामा तिन नया शाखाहरुको शुभारम्भ गरी कारोवार शुरु गरि सकेकोछ । यस शाखाको संचालन पछि बैकको शाखा संख्या ८ पुगेको छ ।

यसै कमलाई निरन्तरता दिदै बैकले अगामी दिनहरुमा पनि शाखाहरुको संजाल विस्तार गर्दै लगी आफ्नो सेवा दिन अग्रसर रहेको प्रतिवद्दता प्रकट गर्दछ ।

साथै बैंकले निक्षेप कर्ता तथा ग्राहकहरुको सुविधालाई ध्यानमा राखी दिदैं आएको चुस्त, आत्मीय र ग्राहक मुखी सेवालाई अझ परिमार्जित गरी आगामी दिनहरुमा अग्रगामी सेवाहरु पनि संचालनमा ल्याउने कार्यकम रहेको छ ।

धन्यवाद ।

२०६६/०३/२१/१

नारायण दास मानन्धर
प्रमुख कार्यकारी अधिकृत

*Sharing Dreams Changing Lives*